# प्रदेश राजपत्र

प्रदेश नं. दुई, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४) जनकपुरधाम, कार्तिक ४ गते,२०७७ साल (अतिरिक्ताङ्क ४(क)

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

सम्वत् २०७७ साल ऐन नं १०

**प्रदेश अनुसन्धान व्युरोको स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेशभित्र शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम राखी प्रदेशको आर्थिक हित तथा विकास, औद्योगीकरण, व्यापार व्यवसाय प्रवद्र्धन गर्नको लागि सो सम्बन्धी सूचना सङ्कलन गरी प्रशोधन समेत गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. दुईको प्रदेश सभाले देहायको ऐन बनाएको छः-

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “प्रदेश अनुसन्धान व्युरो ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ख) “प्रचलित कानून” भन्नाले प्रदेशमा तत्काल लागु रहेको कानून र सो नभएमा सो सम्बन्धी संघीय कानून सम्झनुपर्छ ।

(ग) “व्युरो” भन्नाले दफा ४ बमोजिम स्थापना भएको प्रदेश अनुसन्धान व्युरो सम्झनुपर्छ ।

(घ) “मन्त्रालय” भन्नाले प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

(ङ) “प्रदेश सरकार” भन्नाले प्रदेश नं. दुईको सरकारलाई सम्झनु पर्छ ।

(च) “सेवा” भन्नाले प्रदेश अनुसन्धान व्युरो सेवा सम्झनुपर्छ ।

३. **प्रदेश अनुसन्धान व्युरोको स्थापनाः** (१) “प्रदेश अनुसन्धान व्युरो” नामको एक कार्यालय स्थापना गरिनेछ ।

(२) व्युरोको केन्द्रीय कार्यालय प्रदेश मन्त्रिपरिषद्ले तोकेको स्थानमा रहनेछ ।

(३) व्युरो आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत रहनेछ ।

४. **प्रदेश अनुसन्धान व्युरो सेवाको गठनः** (१) व्युरोमा प्रदेश अनुसन्धान व्युरो सेवा रहनेछ ।

(२) प्रदेश अनुसन्धान व्युरो सेवाको गठन र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) सेवाका कर्मचारी प्रदेश लोकसेवा आयोगबाट पूर्ति हुनेछ ।

५. **<u>व्युरोको काम, कर्तव्य र अधिकारः</u>** व्युरोको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशभित्र घटेको वा घट्न सक्ने अपराध वा अपराधजन्य जानकारी वा सूचना सङ्कलन गर्ने, गराउने,

(ख) प्रदेशभित्रको शान्ति सुरक्षा र सुव्यवस्था, प्रदेशको आर्थिक हित, आर्थिक विकास, औद्योगीकरण, व्यापार व्यवसाय प्रवद्र्धनलाई प्रतिकूल असर पार्ने वा पार्न सक्ने सूचना वा जानकारी सङ्कलन गर्ने,

(ग) आफ्नो कर्तव्य पालनाको सिलसिलामा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा प्रतिकूल हुने वा सोलाई खलल पार्ने वा पार्न सक्ने प्रकृतिका सूचना वा जानकारी प्राप्त भएमा सोको जानकारी संघ सरकारलाई समेत दिने,

(घ) प्रदेश मन्त्रिपरिषद्ले कुनै खास विषयमा अनुसन्धान गर्न आदेश दिएमा सो विषयमा अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने र

(ङ) प्रदेश मन्त्रिपरिषद्ले तोकिदिएका अन्य काम गर्ने, गराउने ।

६. **<u>अनुसन्धान व्युरो प्रमुखः</u>** (१) व्युरोको प्रमुखको रुपमा प्रदेश अनुसन्धान व्युरो प्रमुख रहनेछ ।

(२) व्युरो प्रमुखको नियुक्ति मन्त्रालयको सिफारिशमा प्रदेश मन्त्रिपरिषद्ले गर्नेछ ।

(३) सेवाको सबै भन्दा माथिल्लो पदमा कार्यरत अधिकारी वा प्रदेश प्रहरीको नायव महानिरीक्षकको पदमा रहेको वा प्रदेश प्रहरीको नायव महानिरीक्षक पदबाट अवकाश प्राप्त व्यक्ति व्युरो प्रमुखमा नियुक्ति हुन सक्नेछ।

(४) व्युरो प्रमुखको पदावधि तीन वर्षको हुनेछ। कार्यकाल समाप्त भएपछि पुनः एक वर्षका लागि म्याद थप गर्न सकिनेछ ।

७. **व्युरो प्रमुख पदमुक्त हुनेः** (१) प्रदेश मन्त्रिपरिषद्ले देहायको अवस्थामा व्युरो प्रमुखलाई पदमुक्त गर्न सक्नेछः

(क) निजले आफ्नो पद अनुकूलको आचरण नगरेमा,

(ख) जिम्मेवारीपूर्वक आफ्नो कर्तव्य पालन नगरेमा,

(ग) आफ्नो कर्तव्य पालनको सिलसिलामा प्राप्त सूचना वा जानकारी व्यक्तिगत हित वा फाइदाको लागि प्रयोग गरेमा वा दुरुपयोग गरेमा,

(घ) पदको दुरुपयोग गरेमा र

(ङ) तोकिए बमोजिमको अन्य अवस्थामा ।

(२) उपदफा (१) बमोजिम पदमुक्त गर्नुअघि प्रदेश मन्त्रिपरिषद्ले व्युरो प्रमुखलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

८. **कसूर गर्न नहुनेः** (१) व्युरो प्रमुख लगायत सेवाका कर्मचारीले देहायको कुनै कार्यका अतिरिक्त यस ऐन

अन्तर्गत बनेको नियमावलीमा गर्न नहुने भनी लेखिएका कुनै कार्य गर्नु हुँदैनः

(क) आफ्नो कर्तव्य पालनको सिलसिलामा प्राप्त सूचना तथा जानकारी आफ्नो वा अरु कसैको व्यक्तिगत वा आर्थिक हित वा फाइदाको लागि प्रयोग गर्न,

(ख) आफ्नो कर्तव्य पालनको सिलसिलामा प्राप्त सूचना तथा जानकारीको दुरुपयोग गर्न,

(ग) आफ्नो पदको दुरुपयोग गर्न,

(घ) आफ्नो काम तथा कर्तव्य पालनाको सिलसिलामा प्राप्त सूचना वा जानकारीको गोपनियता सेवामा रहँदा वा सेवाबाट अवकाश प्राप्त गरेपछि पनि भङ्ग गर्न वा प्रकट गर्न र

(ङ) प्रदेश मन्त्रिपरिषद्ले गर्न नहुने भनी तोकिदिएका कार्यहरु ।

(२) व्युरोको काममा लगाइएका कुनै पनि व्यक्तिले देहायका कार्य गर्नु हुँदैनः'

(क) यस ऐन वा यो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफ्नो काम तथा कर्तव्य विपरीत हुने कुनै कार्य गर्न र

(ख) आफूलाई सुम्पिएको कामसम्बन्धी गोपनियता व्युरोको काम गर्दा वा कामबाट अलग भएपछि पनि कुनै व्यहोराले भङ्ग गर्न वा प्रकट गर्न ।

(३) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने व्यक्तिले यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ।

९. **दण्ड सजायः** (१) दफा ८ को उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क), (ख) वा (ग) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि बाह्र वर्षसम्म कैद र दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र

(ख) खण्ड (घ) वा (ङ) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा अनुसार तीन लाख रुपैयाँसम्म जरिबाना ।

(२) दफा ८ को उपदफा (२) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्राअनुसार दश वर्षदेखि बाह्र वर्षसम्म कैद र दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना ।

१०. **क्षतिपूर्ति तिर्नुपर्नेः** (१) दफा ८ बमोजिम कसूर गरेको कारणबाट प्रदेश सरकार वा कुनै व्यक्तिलाई हानिनोक्सानी भएको रहेछ भने कसूरदारले प्रदेश सरकारलाई वा त्यस्तो व्यक्तिलाई मनासिब माफिकको क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति त्यस्तो कसूरदारको निजी घरघरानाबाट असुलउपर गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कसूरदारबाट ठहरेको क्षतिपूर्ति असुलउपर हुन नसकेमा निजलाई क्षतिपूर्ति नतिरे बापत प्रचलित कानून बमोजिम कैद हुनेछ।

११. **कसूरको अनुसन्धान, तहकिकात र अभियोजनः** (१) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात प्रदेश

प्रहरी वा प्रदेश सरकारले तोकिदिएको कुनै अधिकारी वा निकायले गर्नेछ ।

(२) यस ऐन अन्तर्गतको कसूरको अभियोजन प्रदेश मुख्य न्यायाधिवक्ता कार्यालयले गर्नेछ ।

(३) कसूरको अनुसन्धान, तहकिकात र अभियोजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **मुद्दा हेर्ने अधिकारीः** यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार प्रदेश स्थित उच्च अदालतलाई हुनेछ ।

१३. **थुनामा राखी कारवाही गर्नुपर्नेः** प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तपानि यस ऐन बमोजिमको कसूरको अभियोग लागेको व्यक्तिलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने मनासिब कारण भए त्यस्तो व्यक्तिलाई उच्च अदालतले थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्नेछ ।

१४. **अनुमति लिनुपर्नेः** व्युरोले आफ्नो कामको सिलसिलामा कुनै सञ्चार माध्यमको प्रयोग गर्नु परेमा सोको स्वीकृति मन्त्रालयको सचिवबाट लिनुपर्नेछ ।

१५. **सूचना वा जानकारी प्रवाह गर्नुपर्नेः** व्युरोले अपराध वा अपराधजन्य सूचना वा जानकारी प्रदेश प्रहरीलाई तोकिए बमोजिम प्रवाह गराउनु पर्नेछ ।

१६. **संघीय सरकारलाई सूचना दिनुपर्नेः** राष्ट्रिय सुरक्षा, शान्ति वा सुव्यवस्थासँग सम्बन्धित सूचना व्युरोले प्राप्त गरेमा सोको जानकारी तत्काल संघीय सरकारलाई दिनुपर्नेछ ।

१७. **बन्द इजलासमा कारवाही हुनेः** यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको पुर्पक्ष गर्दा र पुनरावेदनको कारवाही र किनारा गर्दा बन्द इजलासमा गरिनेछ ।

१८. बचाउः दफा ९ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा बाहेक सेवाका कर्मचारी वा व्युरोको काममा लगाइएका व्यक्तिले आफ्नो कर्तव्य पालनाको सिलसिलामा सङ्कलन गरेको सूचना वा जानकारी कहिले, कसलाई दिएको वा के कस्तो सूचना वा जानकारी सङ्कलन गरेको भन्ने विषयलाई लिएर त्यस्तो कर्मचारी वा व्यक्तिलाई कुनै पनि निकाय, अधिकारी वा अदालत समक्ष प्रश्न गरिने र उपस्थिति गराइनेछैन ।

१९. **सहयोग गर्नुपर्नेः** व्युरोको परिचयपत्र लिएर आउने कर्मचारीलाई सरकारी कार्यालय वा व्यक्तिले व्युरोसम्बन्धी काममा आवश्यक सहयोग गर्नुपर्नेछ

२०. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको नियम प्रदेश सरकारले सार्वजनिक गर्नेछैन ।

प्रमाणीकरण मितिः- २०७७/०७/०४

**आज्ञाले,**

**वीरेन्द्र कुमार यादव**

**प्रदेश सरकारको सचिव**